नेपाल सरकार

# नेपाल ट्रष्टको कार्यालय

**मकवानपुर, हेटौडांस्थित जग्गाको**

## लिज प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७३।०३।२२)**

नेपाल ट्रष्टको स्वामित्वमा रहेको हेटौडा नगरपालिका वडा नं. १० स्थित कि.नं ३५५ को १-१९-३.५ विघा जग्गामा निर्माण अवधि ३ वर्ष समेत जम्मा ३० वर्षको लागि उपयुक्त **व्यापारिक कम्प्लेक्स /सास्कृतिक/ स्वास्थ्य, शिक्षा र रिसोर्ट होटल सेवा प्रदान गर्ने तोकिए बमोजिमको भवन संरचना** निर्माण गरी लिजमा लिन इच्छुक फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रहने गरी यो सूचना प्रथम पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयबाट लिज सम्बन्धी *Lease Proposal Document (LPD)* रु. ५०००।- तिरेर खरिद गरी ६० दिनभित्र निम्नानुसार हुने गरी गोप्य सिलवन्दी प्रस्ताव पेश गर्न आह्वान गरिएको छ ।

१. निर्माण गरिने भवनको अवधारणा डिजाइन, नक्सा, लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. उक्त जग्गाको लिज अवधि सम्झौता भएको मितिदेखि निर्माण अवधि ३ वर्ष समेत गरी जम्मा ३० वर्ष कायम हुनेछ । उल्लिखित अवधि समाप्त भएपछि निर्मित भवन तथा सम्पूर्ण भौतिक संरचनाहरु तथा जडित सामग्रीहरु स्वतः नेपाल ट्रष्ट कार्यालयको स्वामित्वमा सर्नेछ ।

३. उल्लिखित जग्गामा बन्ने व्यापारिक कम्प्लेक्स /सासकृतिक/ स्वास्थ्य वा शिक्षा सेवा प्रदान गर्ने भवनको अवधारणा (Conceptual) डिजाइन सहित *LPD* मा उल्लेख भए बमोजिमका सम्पूर्ण कागजातहरु समावेश गरी आफ्नै खर्चबाट आर्थिक र प्राविधिक प्रस्ताव तयार गरी छुट्टाछुट्टै खाममा सिलवन्दी गरी पुनः एउटै खाममा राखी सिलवन्दी गरी प्रस्तुत गर्नुपर्नेछ ।

४. लिज लिने जग्गा, सोमा जडान हुने भौतिक सामग्री, स्थायी सेवा सुविधा र निर्मित भवन तथा संरचनाहरुको प्रचलित कानून बमोजिम लाग्ने कर महसुल आदि लिजमा लिनेले लिज अवधिभर तिर्नु पर्नेछ र जग्गा र निर्मित भौतिक संरचनाको सुरक्षा एवं संरक्षणको दायित्व समेत प्रस्तावदाताले लिई रहनु पर्नेछ ।

५. गुणस्तरयुक्त निर्माण सामग्री र प्रविधिको प्रयोग गरी भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिता अनुकूल भूकम्प प्रतिरोधात्मक क्षमतायुक्त र आपत्कालीन सुरक्षाको उचित प्रवन्ध सहित आधुनिक सुविधा सम्पन्न भवन निर्माण गर्नुपर्नेछ ।

६. प्रस्ताव साथ नवीकरण सहितको फर्म दर्ता, आयकर र मू.अ.क. दर्ता प्रमाणपत्रको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । प्रस्तावित भवनको निर्माणको लागि रकम रु ५०(पचास) लाख कोलेनिका लैनचौर राष्ट्रिय बाणिज्य बैंकको धरौटी खाता नं ११००२०३.मा जम्मा गरेको सक्कल भौचर वा प्रस्ताव पेश भएको मितिले कम्तिमा १२ महिना अवधिको (क) वर्गको वाणिज्य बैंकबाट यस ट्रष्टको नाममा जारी भएको बैंक ग्यारेन्टी समावेश गरेको हुनुपर्नेछ । प्रस्ताव स्वीकृत भई सम्झौता गर्न नआएमा उक्त धरौटी रकम स्वतः जफत हुनेछ । प्रस्ताव स्वीकृत भई सम्झौता गर्दा सम्झौता बमोजिम कुल लागतको ५% ले हुने रकम धरौटी वापत नेपाल ट्रष्ट कार्यालयको उपरोक्त खातामा नगद जम्मा गरेको सक्कलै प्रति भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट नेपाल ट्रष्टको नाममा जारी भएको कम्तीमा १ वर्ष अवधि भएको जमानी पत्र *(Performance Bond)* पेश गर्नुपर्नेछ ।

७. प्राप्त हुन आएको प्रस्तावको मूल्यांकन आदि गर्ने कार्यविधि *LPD* मा उल्लेख भए बमोजिम ट्रष्टले आफै निर्धारण गर्नेछ । सोउपर कुनै प्रश्न उठाउन पाइने छैन । प्रस्ताव स्वीकृत गर्ने वा संशोधन सहित वा आंशिक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार ट्रष्टमा निहित हुनेछ ।

८. प्रस्ताव स्वीकृत भएको ६० (साठी) दिनभित्र सो भवन तथा सम्पूर्ण संरचनाको *Architectural, Structural, Sanitary, Electrical, HVAC* लगायतको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान प्रस्तावकले आफ्नै खर्चमा बनाई सम्झौता गर्न अगावै पेश गर्नुपर्नेछ । पेश भएको डिजाइन, लगानी रकम र ट्रष्टले प्राप्त

गर्ने प्रतिफल तुलनात्मक रुपमा उपयुक्त छ भन्ने ट्रष्टलाई नलागेमा नेपाल ट्रष्ट कार्यालयले प्राप्त प्रस्ताव रद्द गर्नसक्नेछ । यस कार्यालयबाट लिखित रुपमा अन्यथा निर्देशन भएमा बाहेक शुरु प्रस्तावमा पेश गरेको अवधारणा डिजाइन अनुरुप नै विस्तृत इन्जिनियरिङ्ग डिजाइन तयार गर्नुपर्नेछ ।

९. लिज सम्बन्धी प्रस्ताव यस सूचना बमोजिमको म्यादभित्र अन्य दिनमा भए कार्यालय समयमा र अन्तिम दिन अर्थात ७५औं दिनको अपरान्ह १२:०० बजेभित्रमा नेपाल ट्रष्टको कार्यालय, दरवारमार्ग, काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ । अन्तिम दिनको अपरान्ह २.०० बजे पेश हुन आएका प्रस्तावहरुमध्ये प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा नेपाल ट्रष्ट कार्यालय, दरवारमार्ग, काठमाडौंमा प्राविधिक प्रस्ताव खोलिने छ । कुनै प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

१०. म्याद नाघी आएको वा शर्त राखी आएको वा रीतपूर्वक नभएको प्रस्तावलाई मान्यता दिइने छैन ।

११. लिजमा दिने जग्गामा रहेका भौतिक संरचनाहरु लिजमा लिने पक्षले आफ्नै खर्चमा भत्काई निस्केको माटो लगायत सम्पूर्ण सामान उठाई लैजानु पर्नेछ । हाल कायम रहेका **कान्ती ईश्वरी गृह मुख्य भवन** बाहेक अन्य भवन संरचनाहरु र पर्खाल भत्काई निस्केको सामान बापत प्रस्तावकले यस कार्यालयलाई न्यूनतम मूल्याङ्कित रकम रु.८,००,०००।०० ( आठ लाख) समेत तिर्नु पर्नेछ । संरचना भत्काउने काम शुरु गर्न अगावै उक्त रकम यस कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. उक्त जग्गामा व्यापारिक भवन निर्माण गर्न भवन निर्माण मापदण्ड अनुसारको नक्सा तयार गर्दा सकेसम्म बढी तला र क्षेत्रफल चर्चिने गरी जग्गाको अधिकतम उपयोग गर्नु पर्नेछ ।

१३. प्रस्तावदाताले अन्य कुनै कम्पनीसंग *Joint Venture* वा *Consortium* बनाएर पनि प्रस्ताव दिन सक्नेछ ।

१४. प्रस्ताव पेश गर्ने फर्म वा कम्पनीको विगत ५ वर्ष भित्रको वेष्ट ३ वर्षको कुल जोड ३०(तीस)करोड टर्नओभर हुनु पर्ने र क्रेडिट लाइन ५(पांच)करोडको कागजात समेत पेश गर्नु पर्नेछ ।

१५. जग्गाको नाप नक्सा हेर्न, सम्बन्धित ठाउँको स्थलगत निरीक्षण गर्न वा अन्य कुरा बुझ्न परेमा कार्यालय समयभित्र निम्न ठेगानामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१६. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१७. यो सूचना नेपाल ट्रष्टको *Website: www.nepaltrust.gov.np* मा पनि हेर्न सकिनेछ ।

नेपाल ट्रष्टको कार्यालय
दरवारमार्ग, काठमाडौं ।
फोन नं. ४२२३०५८
फ्याक्स नं. ४२२७७५८
इमेलः *info@nepaltrust.gov.np*
*Website: www.nepaltrust.gov.np*